# "निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक" को मसौदामा राय सुझाव पठाउने सम्बन्धी सूचना

**निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ लाई** संशोधन गरी अद्यावधिक गर्ने उद्देश्यले " **निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३** लाई संशोधन गर्न बनेको विधेयक" को मसौदा तर्जुमा गरिएको छ। उक्त मसौदा उपर कुनै राय सुझाव भएमा यो सूचना प्रकाशन भएको मितिले १० दिन भित्र यस मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाको इमेल ठेगाना fsmd@mof.gov.np मा प्राप्त हुने गरी उपलब्ध गराइदिनु हुन विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै उक्त विधेयकको मसौदा यस मन्त्रालयको वेवसाइट www.mof.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

## विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभावः

### (१) कुन समस्या सम्बोधनको लागि बिधेयक तर्जुमा गर्नु परेको हो सोको कारणः-

- सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ ले संशोधन गरेका विषयबस्तुबाट मात्र सहकारीको निक्षेप सुरक्षण गर्न नसकिने भएको हुँदा सहकारी निक्षेप सुरक्षणका लागि आवश्यक व्यवस्था गर्न ।
- निक्षेप सुरक्षण भएका संस्था लिक्वीडेसन वा खारेजीको प्रक्रियामा गएपछि मात्र निक्षेपकर्ताको रकम फिर्ता हुने व्यवस्थालाई संशोधन गरी समस्याग्रस्त भएको अवस्थामा समेत निक्षेपकर्ताको रकम फिर्ता हुन सक्ने व्यवस्था गर्न ।
- कोषको ऐनमा भएका साविकका व्यवस्थालाई कार्यसञ्चालनको क्रममा अनुभूत भएका समस्या समेत निराकरण गर्ने गरी अद्यावधिक गर्न।
- निक्षेप तथा कर्जाको सुरक्षणको दायरा विस्तार गरी मुलुकको वित्तीय प्रणालीलाई थप सवल बनाउने।

### (२) विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः-

- प्रस्तुत विधेयकवाट कोषको कार्यक्षेत्रमा परिमार्जन भई नेपालको संविधानको धारा २५ बमोजिमको सम्पत्तिको हक प्रबर्द्धनमा महत्वपूर्ण सहयोग पुग्दछ। यसबाट बैंक तथा वित्तीय क्षेत्र र सहकारी

क्षेत्रप्रति आम सर्वसाधारणको विश्वनीयता अभिवृद्धि भई पुँजी निर्माणमा सहयोग पुग्ने तथा रोजगारी सिर्जना र उद्यमशिलताको विकास लगायतका क्षेत्रमा योगदान पुग्ने।

**(३) विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः-**

- विधेयकमा गरिएको संशोधन मार्फत कोषको कार्य क्षेत्र विस्तार हुने र आम सर्वसाधारणको आर्थिक हितको संरक्षण र सम्बर्द्धनमा सकरात्मक योगदान पुग्ने।

- संशोधन प्रस्तावबाट तत्कालका लागि कोषबाट बढीमा रु.२ अर्बसम्मको अतिरिक्त नगद बाहिरिन सक्ने। बैंक तथा वित्तीय संस्था खारेजी वा लिक्विडेसनमा जानबाट जोगाउन अग्रिम भुक्तानी गर्ने हुँदा यसले अर्थतन्त्र तथा मुलुकको समग्र वित्तीय प्रणालीलाई सकारात्मक योगदान पुग्ने। उक्त रकममध्ये अधिकांश रकम केही समयको अन्तरालमा कोषले फिर्ता पाउन सक्ने भएको हुँदा दीर्घकालीन रुपमा कोषले अतिरिक्त आर्थिक तथा वित्तीय व्ययभार बहन गर्नु नपर्ने।

**(४) विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः-**

- आम सर्वसाधारणमा बैंकिङ, वित्तीय प्रणाली तथा सहकारी क्षेत्रतर्फ विश्वसनीयता अभिवृद्धि भई पुँजी निर्माणमा सहयोग पुग्ने र वित्तीय पहुँच वृद्धि हुने हुँदा सोबाट गरिबी निवारण, भोकमरीको अन्त्य, मर्यादित रोजगार तथा आर्थिक वृद्धि, उद्योग पूर्वाधार र नवीन सिर्जना लगायतका दिगो विकासका लक्ष्य हासिल गर्न अप्रत्यक्ष रुपमा योगदान पुग्ने।

**(५) विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः-**

- प्रस्तावित व्यवस्थाबाट कोषको व्यवस्थापन र सञ्चालनमा प्रभावकारिता र पारदर्शिता अभिवृद्धि मार्फत सुशासन प्रवर्द्धनमा सकारात्मक प्रभाव पर्ने ।

**(६) विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोगः-**

- प्रत्यक्ष रुपमा सहयोग पुग्ने नदेखिएको।

**(७) अन्य आवश्यक विषयः-**

- ऐनमा उल्लिखित सम्बद्ध निकाय र कानूनमा भएका परिवर्तन अनुकूल हुने गरी कानूनी प्रबन्ध हुने।

- बैंक तथा वित्तीय प्रणाली तथा सर्वसाधारणको निक्षेप सुरक्षण तथा निक्षेपकर्ताको रकम फिर्ता सम्बन्धमा आम सर्वसाधारणको चासो र मागको सम्बोधन हुने ।

- ऐन समसामयिक र अद्यावधिक हुने।

# निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना** : निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "निक्षेप तथा कर्जा सुरक्षण कोष (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन २०७३ को प्रस्तावनामा संशोधन** : निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "बैङ्किङ्ग तथा वित्तीय प्रणाली" भन्ने शब्दहरुको सट्टा "बैङ्किङ्ग, वित्तीय प्रणाली तथा सहकारी क्षेत्र" भन्ने शब्दहरु राखिएका छन्।

३. **मूल ऐनको दफा २ मा संशोधन** : मूल ऐनको दफा २ को,-

(१) खण्ड (ख) मा रहेका "र सो शब्दले पशुधन सुरक्षण समेतलाई जनाउँछ" भन्ने शब्दहरु झिकिएका छन्।

(२) खण्ड (त) पछि देहायको खण्ड (त१) थपिएको छ :-

"(त१) "सहकारी संस्था" भन्नाले सहकारी सम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिम दर्ता भई राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट बचत तथा ऋणको मुख्य कारोबार गर्न इजाजत प्राप्त सहकारी संस्था सम्झनु पर्छ।"

(३) खण्ड (प) मा रहेका "बैङ्क वा वित्तीय संस्थामा" भन्ने शब्दहरुको सट्टा "बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्थामा" भन्ने शब्दहरु राखिएका छन्।

(४) खण्ड (फ) मा रहेका "बैङ्क वा वित्तीय संस्थाको" भन्ने शब्दहरु पछि "वा अधिकार प्राप्त निकायबाट गरिने सहकारी संस्थाको" भन्ने शब्दहरु थपिएका छन्।

४. **मूल ऐनको दफा ४ मा संशोधन** : मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

"४. **सुरक्षण सम्बन्धी विशेष व्यवस्था**: नेपाल राष्ट्र बैङ्कबाट निक्षेप संकलन गर्न इजाजतप्राप्त बैङ्क वा वित्तीय संस्था वा राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट निक्षेप सङ्कलन गर्न इजाजतप्राप्त सहकारी संस्थाको निक्षेपको सुरक्षण यस ऐन बमोजिम कोषले गर्नेछ।"

५. **मूल ऐनको दफा ६ मा संशोधन** : मूल ऐनको दफा ६ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कोषको पूँजी दश अर्ब रुपैयाँ हुनेछ।"

(२) उपदफा (२) मा रहेको "चुक्ता" भन्ने शब्द झिकिएको छ।

(३) उपदफा (४) मा रहेका "चुक्ता पूँजी" भन्ने शब्दहरुको सट्टा "पूँजी" भन्ने शब्द राखिएको छ।

६. **मूल ऐनको दफा ७ मा संशोधन** : मूल ऐनको दफा ७ को,-

(१) खण्ड (क) मा रहेका “र सदस्य संस्था" भन्ने शब्दहरू झिकिएका छन्।

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) सदस्य संस्थाबाट लघु, साना तथा मझौलास्तरका कृषि, उद्योग, सेवा व्यवसाय लगायतका क्षेत्रमा प्रवाह गरेको कर्जाको सुरक्षण गर्ने, र"

(३) खण्ड (ग) र (घ) झिकिएका छन्।

७. **<u>मूल ऐनको दफा ८ मा संशोधन</u>** : मूल ऐनको दफा ८ को उपदफा (२) पछि देहायका उपदफा (२क) र (२ख) थपिएका छन् :-

"(२क) उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिमको सदस्यको कार्यकाल चार वर्षको हुनेछ र निजहरुलाई अर्को एक कार्यकालको लागि पुनः मनोनीत गर्न वा तोक्न सकिनेछ।

(२ख) उपदफा (२क) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (ङ) वा (च) बमोजिम मनोनीत वा तोकिएको सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा निजलाई मन्त्रालयले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।"

८. **<u>मूल ऐनको दफा १२ मा संशोधन</u>** : मूल ऐनको दफा १२ को उपदफा (१) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :-

“(च) सदस्य संस्थाले सुरक्षण गरेका कर्जा सुरक्षण कार्यक्रमको पुनरावलोकन र सुरक्षण शुल्कको सम्बन्धमा निर्णय गर्ने,”

९. **<u>मूल ऐनको दफा १६ मा संशोधन</u>** : मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छ :-

“१६. **<u>जानकारी दिनु पर्ने</u>** : (१) नेपाल राष्ट्र बैङ्कले बैङ्क वा वित्तीय संस्थालाई इजाजतपत्र प्रदान गरेमा वा राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट सहकारी संस्थालाई बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी इजाजतपत्र प्रदान गरेमा सोको जानकारी कोषलाई दिनु पर्नेछ।

(२) सुरक्षित सदस्य संस्थाले प्रचलित कानून बमोजिम गाभिने वा अन्य कारणबाट आफ्नो नाम परिवर्तन गर्ने सैद्धान्तिक सहमति प्राप्त गरेमा सोको जानकारी कोषलाई दिनु पर्नेछ।”

१०. **<u>मूल ऐनको दफा १८ मा संशोधन</u>** : मूल ऐनको दफा १८ को उपदफा (५) मा रहेका “बैङ्क तथा वित्तीय संस्था सम्बन्धी" भन्ने शब्दहरु झिकिएका छन्।

११. **<u>मूल ऐनको दफा १९ मा संशोधन</u>** : मूल ऐनको दफा १९ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कोषले सुरक्षित सदस्य संस्थामा खोलिएको प्रत्येक प्राकृतिक व्यक्तिको निक्षेप खातामा रहेको रकम समितिको सिफारिसमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सीमासम्मको निक्षेप सुरक्षण गर्नेछ।"

(२) उपदफा (२) झिकिएको छ।

१२. **<u>मूल ऐनको दफा २१ मा संशोधन</u>** : मूल ऐनको दफा २१ को उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छ :-

"(४क) उपदफा (४) बमोजिम वार्षिक सुरक्षण शुल्क तोक्दा सम्बन्धित संस्थामा निहित जोखिमका आधारमा विभिन्न बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्थालाई फरक फरक दर लागू हुने गरी तोक्न सक्नेछ।"

१३. **<u>मूल ऐनको दफा २२ मा संशोधन</u>** : मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छ :-

"२२. **<u>प्रारम्भिक योगदान सम्बन्धी व्यवस्था</u>** : (१) कोषको सुरक्षित सदस्य संस्थाको रूपमा प्रमाणपत्र प्राप्त गर्न दफा १५ को उपदफा (१) बमोजिम निवेदन दिने बैङ्क वा वित्तीय संस्थाले प्रारम्भिक योगदान वापत प्रस्तावित चुक्ता पूँजीको शून्य दशमलव पाँच प्रतिशत र सहकारी संस्थाले कुल शेयर पूँजीको एक प्रतिशत एकमुष्ट रकम कोषलाई बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रारम्भिक योगदानको रकम बुझाएको सुरक्षित सदस्य संस्थाले चालू आर्थिक वर्षको वार्षिक सुरक्षण शुल्क बुझाउनु पर्ने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्था सम्बन्धी प्रचलित कानून बमोजिम गाभिने, गाभिने वा एकीकरण प्रक्रियाबाट नयाँ बनेको बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्थाले प्रारम्भिक योगदान बापत कुनै रकम बुझाउनु पर्ने छैन।"

१४. **<u>मूल ऐनको दफा २८ मा संशोधन</u>** : मूल ऐनको दफा २८ को उपदफा (१) मा रहेका "नेपाल राष्ट्र बैङ्क" भन्ने शब्दहरु पछि "वा राष्ट्रिय सहकारी नियमन प्राधिकरण" भन्ने शब्दहरु थपिएका छन्।

१५. **<u>मूल ऐनको दफा ३० मा संशोधन</u>** : मूल ऐनको दफा ३० मा रहेका "नेपाल राष्ट्र बैङ्कबाट" भन्ने शब्दहरुको सट्टा "नेपाल राष्ट्र बैङ्क वा नेपाल सरकारको सहकारी सम्बन्धी विषय हेर्ने मन्त्रालयबाट" भन्ने शब्दहरु राखिएका छन्।

१६. **<u>मूल ऐनमा दफा ३०क. थप</u>** : मूल ऐनको दफा ३० पछि देहायको दफा ३०क. थपिएको छ :-

"३०क. **<u>अग्रिम भुक्तानी दिन सकिने</u>** : (१) सुरक्षित सदस्य संस्था मध्ये कुनै बैङ्क तथा वित्तीय संस्था समस्याग्रस्त भई नेपाल राष्ट्र बैङ्कले व्यवस्थापनको जिम्मा लिई तत्कालका लागि बचतकर्ताको रकम फिर्ता दिन आवश्यक छ भनी कोषमा लेखी पठाएमा कोषले सम्बन्धित सुरक्षित सदस्य संस्थालाई सुरक्षित निक्षेप बराबरसम्मको रकम उपलब्ध गराउन सक्नेछ।

तर त्यसरी व्यवस्थापनको जिम्मा लिई बचतकर्ताको रकम फिर्ता दिने सम्बन्धी निर्णय गर्दा कोषको समेत प्रतिनिधित्व गराउनु पर्नेछ।

(२) सुरक्षित सदस्य संस्था मध्ये कुनै सहकारी संस्था समस्याग्रस्त भई नेपाल सरकारको सहकारी सम्बन्धी विषय हेर्ने मन्त्रालयले व्यवस्थापनको जिम्मा लिई नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम तत्कालका लागि बचतकर्ताको रकम फिर्ता दिन आवश्यक छ भनी कोषमा लेखी पठाएमा कोषले सम्बन्धित सुरक्षित सदस्य संस्थालाई सुरक्षित निक्षेप बराबरसम्मको रकम उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम कोषले अग्रिम भुक्तानी दिएको बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्था पुनः सञ्चालन योग्य भएमा त्यस्तो संस्थाले अग्रिम भुक्तानी बापत लिएको रकम समितिले तोकेको अवधिभित्र कोषलाई फिर्ता गर्नु पर्नेछ।

(४) अग्रिम भुक्तानी दिने तथा रकम फिर्ता गर्ने सम्बन्धी अन्य व्यवस्था समितिको निर्णय बमोजिम हुनेछ।"

१७. **<u>मूल ऐनको दफा ३१ मा संशोधन</u>** : मूल ऐनको दफा ३१ को,-

(१) उपदफा (१) मा रहेका "नेपाल राष्ट्र बैङ्कबाट" भन्ने शब्दहरूको सट्टा "नेपाल राष्ट्र बैङ्क वा नेपाल सरकारको सहकारी सम्बन्धी विषय हेर्ने मन्त्रालयबाट" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (८) मा रहेका "नेपाल राष्ट्र बैङ्कबाट" भन्ने शब्दहरु झिकिएका छन्।

१८. **<u>मूल ऐनको दफा ३३ मा संशोधन</u>** : मूल ऐनको दफा ३३ को उपदफा (६) मा रहेका "नेपाल राष्ट्र बैङ्क" भन्ने शब्दहरु पछि "वा राष्ट्रिय सहकारी नियमन प्राधिकरण वा नेपाल सरकार" भन्ने शब्दहरु थपिएका छन्।

१९. **<u>मूल ऐनको दफा ३८ मा संशोधन</u>** : मूल ऐनको दफा ३८ को सट्टा देहायको दफा ३८ राखिएको छ :-

"**३८. <u>सुरक्षण कोष</u>** : (१) निक्षेप र कर्जा सुरक्षण सम्बन्धी कार्यको लागि कोषमा देहाय बमोजिमका छुट्टाछुट्टै कोष रहनेछन् :-

(क) बैङ्क तथा वित्तीय निक्षेप सुरक्षण कोष,

(ख) बैङ्क तथा वित्तीय कर्जा सुरक्षण कोष,

(ग) सहकारी निक्षेप सुरक्षण कोष, र

(घ) सहकारी कर्जा सुरक्षण कोष।"

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् :-

(क) कोषको चुक्ता पूँजीमध्ये समितिले तोकेको रकम,

(ख) सुरक्षित सदस्य संस्था मध्ये बैङ्क तथा वित्तीय संस्थाले भुक्तानी गरेको प्रारम्भिक योगदान र विशेष योगदान बापतको रकम, वार्षिक सुरक्षण शुल्क, विलम्ब शुल्क र जरिवाना बापतको रकम,

(ग) विदेशी सरकार, निकाय वा व्यक्तिले प्रदान गरेको ऋण, अनुदान, चन्दा र सहायता रकम,

(घ) बैङ्क तथा वित्तीय निक्षेप सुरक्षण कोषको वित्तीय सम्पत्तिको लगानीबाट प्राप्त हुने आय,

(ङ) शोधभर्ना बापत प्राप्त रकम, र

(च) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् :-

(क) कोषको पूँजीमध्ये समितिले तोकेको रकम,

(ख) कर्जा सुरक्षण कार्यक्रममा सहभागी हुने सदस्य संस्था मध्ये बैङ्क तथा वित्तीय संस्थाले बुझाउने शुल्क,

(ग) कर्जा सुरक्षण बापत ऋणीले बुझाउने शुल्क,

(घ) बैङ्क तथा वित्तीय संस्थाको कर्जा सुरक्षण शुल्क बापत नेपाल सरकारले प्रदान गर्ने अनुदान रकम,

(ङ) बैङ्क तथा वित्तीय कर्जा सुरक्षण कोषको वित्तीय सम्पत्तिको लगानीबाट प्राप्त हुने आय,

(च) विदेशी सरकार, निकाय वा व्यक्तिले प्रदान गरेको ऋण, अनुदान, चन्दा र सहायता रकम, र

(छ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम।

(४) उपदफा (१) को खण्ड (ग) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् :-

(क) कोषको पूँजीमध्ये समितिले तोकेको रकम,

(ख) सुरक्षित संस्थामध्ये सहकारी संस्थाले भुक्तानी गरेको प्रारम्भिक योगदान र विशेष योगदान बापतको रकम, वार्षिक सुरक्षण शुल्क, विलम्ब शुल्क र जरिबाना बापतको रकम,

(ग) विदेशी सरकार, निकाय वा व्यक्तिले प्रदान गरेको ऋण, अनुदान, चन्दा र सहायता रकम,

(घ) सहकारी निक्षेप सुरक्षण कोषको वित्तीय सम्पत्तिको लगानीबाट प्राप्त हुने आय,

(ङ) शोधभर्ना बापत प्राप्त रकम, र

(च) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम।

(५) उपदफा (१) को खण्ड (घ) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :-

(क) कोषको पूँजीमध्ये समितिले तोकेको रकम,

(ख) कर्जा सुरक्षण कार्यक्रममा सहभागी हुने सुरक्षित सदस्य संस्था मध्ये सहकारी संस्थाले बुझाउने शुल्क,

(ग) कर्जा सुरक्षण बापत सहकारी संस्थाबाट ऋण लिएका ऋणीले बुझाउने शुल्क,

(घ) सहकारी संस्थाको कर्जा सुरक्षण शुल्क बापत नेपाल सरकारले प्रदान गर्ने अनुदान रकम,

(ङ) सहकारी कर्जा सुरक्षण कोषको वित्तीय सम्पत्तिको लगानीबाट प्राप्त हुने आय,

(च) विदेशी सरकार, निकाय वा व्यक्तिले प्रदान गरेको ऋण, अनुदान, चन्दा र सहायता रकम, र

(छ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम।"

(६) उपदफा (२) को खण्ड (ग), उपदफा (३) को खण्ड (च), उपदफा (४) को खण्ड (ग) र उपदफा (५) को खण्ड (च) बमोजिमको रकम प्राप्त गर्नु अघि कोषले मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(७) कोषले उपदफा (२), (३), (४) र (५) बमोजिम प्राप्त हुने रकम नेपाल राष्ट्र बैङ्कमा छुट्टाछुट्टै खाता खोली राखनु पर्नेछ।

(८) उपदफा (१) को खण्ड (क) र (ग) बमोजिमको कोषमा सम्बन्धित सुरक्षण व्यवसायबाट प्राप्त वार्षिक सुरक्षण शुल्क बापतको रकमबाट प्रशासनिक खर्च कट्टा गरी बाँकी रहन आउने रकम जम्मा गरिनेछ।

(९) उपदफा (८) को प्रयोजनका लागि सम्बन्धित निक्षेप सुरक्षण सम्बन्धी प्रशासनिक खर्च गर्दा वार्षिक कूल निक्षेप सुरक्षण शुल्कको बीस प्रतिशत भन्दा बढी खर्च गर्न पाइने छैन।

(१०) उपदफा (२) बमोजिमको कोषमा रहेको रकम बैङ्क तथा वित्तीय संस्थाको सुरक्षित निक्षेपको दाबी भुक्तानी वा शोधभर्ना गर्न र उपदफा (४) बमोजिमको कोषमा रहेको रकम सहकारी संस्थाको सुरक्षित निक्षेपको दाबी भुक्तानी वा शोधभर्ना गर्न बाहेक कोषको अन्य कुनै प्रयोजनका लागि खर्च गर्न सकिने छैन।

तर यस उपदफाको व्यवस्थाले नेपाल सरकारको निर्देशन बमोजिम कोषको पूँजी बृद्धि गर्ने प्रयोजनको लागि सोही कोषको रकम प्रयोग गर्न बाधा पर्ने छैन।

(११) उपदफा (२), (३), (४) र (५) मा रहेको रकम मध्ये एक कोषले दायित्व व्यहोर्नु पर्ने रकम अर्को कोषको दायित्व भुक्तानीका लागि प्रयोग गरिने छैन।

(१२) सुरक्षित निक्षेपको शोधभर्नाको लागि तिर्नुपर्ने रकम उपदफा (१) को खण्ड (क) र (ग) बमोजिमको कोषमा रहेको वित्तीय स्रोतभन्दा बढी भएमा कोषले प्रचलित कानून बमोजिम नेपाल सरकार वा अन्य सङ्घ संस्थाबाट ऋण लिन सक्नेछ।

(१२) नेपाल सरकारसँग लिइने ऋणको ब्याज नेपाल सरकारले जारी गर्ने नब्बे दिने ट्रेजरी बिलको दरभन्दा बढी हुने छैन।”

२०. **<u>मूल ऐनको दफा ४१ मा संशोधन</u>** : मूल ऐनको दफा ४१ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

“(१) कोषले नेपाल लेखामान बमोजिमको लेखा प्रणाली अनुरूप कारोबार र वित्तीय अवस्था स्पष्ट देखिने गरी दफा ३८ को उपदफा (१) बमोजिमको कोष र निक्षेप सुरक्षण जोखिम कोषको लेखा, रजिष्टर, वित्तीय प्रतिवेदन जस्ता विवरण छुट्टाछुट्टै राख्नु पर्नेछ।“

२१. **<u>मूल ऐनको दफा ४४ मा संशोधन</u>** : मूल ऐनको दफा ४४ को उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छ :-

“(६क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि दफा ३८ को उपदफा (१) को खण्ड (क) बमोजिम स्थापना भएको बैङ्क तथा वित्तीय संस्था निक्षेप सुरक्षण कोषमा जम्मा भएको रकम बाहेक अन्य कोषमा रहेको रकम समितिले निर्धारण गरेको अन्य सुरक्षित वित्तीय उपकरणमा लगानी गर्न सक्नेछ,“

२२. **<u>मूल ऐनको दफा ४५ मा संशोधन</u>** : मूल ऐनको दफा ४५ को,-

(१) उपदफा (१) मा रहेका “निक्षेप तथा कर्जा सुरक्षण” भन्ने शब्दहरुको सट्टा “निक्षेप सुरक्षण तथा सदस्य संस्थाले पेश गरेको कर्जा सुरक्षण” भन्ने शब्दहरु थपिएका छन्।

(२) उपदफा (४), (५) र (६) को ठाँउ ठाँउमा रहेका "नेपाल राष्ट्र बैङ्क" भन्ने शब्दहरु पछि "वा राष्ट्रिय सहकारी नियमन प्राधिकरण" भन्ने शब्दहरू थपिएका छन्।

२३. **<u>मूल ऐनको दफा ४६ मा संशोधन</u>** : मूल ऐनको दफा ४६ को उपदफा (३) र (४) मा रहेका "नेपाल राष्ट्र बैङ्कले" भन्ने शब्दहरुको सट्टा "अधिकार प्राप्त निकायले" भन्ने शब्दहरु राखिएका छन्।

२४. **<u>मूल ऐनको दफा ४७ मा संशोधन</u>** : मूल ऐनको दफा ४७ को,-

(१) दफा (१) मा रहेका "नेपाल राष्ट्र बैङ्क" भन्ने शब्दहरु पछि "वा राष्ट्रिय सहकारी नियमन प्राधिकरण" भन्ने शब्दहरु थपिएका छन्।

(२) दफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) दफा १५ बमोजिमको सदस्यता प्राप्त गर्न निवेदन नदिने सुरक्षित सदस्य संस्थाको नामावली कोषले नेपाल राष्ट्र बैङ्क वा राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई जानकारी गराउनु पर्नेछ।"

(३) दफा (३) मा रहेका "नेपाल राष्ट्र बैङ्क" भन्ने शब्दहरु पछि "वा राष्ट्रिय सहकारी नियमन प्राधिकरण" भन्ने शब्दहरु थपिएका छन्।

२५. **मूल ऐनको दफा ४९ मा संशोधन** : मूल ऐनको दफा ४९ को उपदफा (५) पछि देहायका उपदफा (५क), (५ख), (५ग), (५घ), (५ङ) र (५च) थपिएका छन् :-

"(५क) प्रमुख कार्यकारी अधिकृतको कार्यकाल चार वर्षको हुनेछ।

(५ख) उपदफा (५क) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा नेपाल सरकारले प्रमुख कार्यकारी अधिकृतलाई पदबाट हटाउन सक्नेछ :-

(क) यस ऐन बमोजिम सम्पादन गर्नु पर्ने कार्यहरूको कार्यान्वयन गर्न वा गराउन निजमा कार्यक्षमताको अभाव भएमा,

(ख) निजले कोषको काम कारबाही बेइमानी वा बदनियतपूर्वक गरेको देखिएमा,

(ग) निजले आफ्नो पद अनुसारको आचरण नगरेमा,

(घ) निजले दफा ५० बमोजिम भएको कार्यसम्पादन सम्झौता बमोजिम कार्यसम्पादन गर्न नसकेमा, र

(ङ) निजको कार्य सम्पादनको उपलब्धि सन्तोषजनक नभएमा।

(५ग) उपदफा (५ख) बमोजिम प्रमुख कार्यकारी अधिकृतलाई हटाउनु अघि मन्त्रालयले समितिको कुनै सदस्यको संयोजकत्वमा तोकिए बमोजिम एक छानबिन समिति गठन गर्नु पर्नेछ।

(५घ) उपदफा (५ग) बमोजिम गठित छानबिन समितिले एक महिनाभित्र मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५ङ) उपदफा (५ग) बमोजिमको छानबिन समिति गठन भएपछि प्रमुख कार्यकारी अधिकृतले आफ्नो पदीय जिम्मेवारी बहन गर्न पाउने छैन।

(५च) प्रमुख कार्यकारी अधिकृतलाई आफ्नो पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।"

२६. **मूल ऐनमा दफा ५३क थप** : मूल ऐनको दफा ५३ पछि देहायको दफा ५३क. थपिएको छ :-

"५३क. **कोष र राष्ट्रिय सहकारी नियमन प्राधिकरणले समन्वयात्मक कार्य गर्ने** : कोष र राष्ट्रिय सहकारी नियमन प्राधिकरणले सार्वजनिक नीतिको उद्देश्य प्राप्ति गर्न र सहकारी क्षेत्रप्रति सर्वसाधारणको विश्वास अभिवृद्धि गर्न एक आपसमा समन्वय र सहयोग पुऱ्याउन देहाय बमोजिमको कार्य गर्ने छन् :-

(क) तथ्याङ्क र सूचनाको आदान प्रदान गर्न आवश्यक सम्झौता गर्ने,

(ख) प्राधिकरणले सहकारीको नियमन गर्ने कार्यमा र कोषले सहकारीलाई सदस्यता प्रदान गर्ने कार्यमा एक आपसमा आवश्यक सहयोग पुऱ्याउने,

(ग) प्राधिकरणले सहकारी संस्थालाई नियमनकारी कारवाही गर्दा कोषलाई सूचना प्रदान गर्ने, र

(घ) सहकारी क्षेत्रमा कुनै सम्भावित खतरा आउन सक्ने परिस्थिति देखेमा यथाशक्य चाडो एक आपसमा जानकारी गराउने।"

२७. **खारेज** : मूल ऐनको दफा ३९ खारेज गरिएको छ।